# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः १६ मितिः२०७९/१०/२९


भाग-२

## कालिमाटी गाउँपालिका

## उत्कृष्ट कृषक सम्मान सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/१०/२६

<u>प्रस्तावना</u>ः कालिमाटी गाउँपालिकाको भौगोलिक परिवेश, हावापानी र वातावरणले उपलब्ध गराएको अवसरको उपयोग गरी व्यवसायिक कृषिको माध्यमबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चत गर्न सकिने सम्भावना विद्यमान रहेको छ । कृषि भुमिको अनुपयुक्त प्रयोग र निर्वाहमुखी कृषि प्रणालीको कारण कृषि क्षेत्रमा संलग्न कृषकहरुले पर्याप्त मात्रामा आम्दानी गर्न नसकी कृषि पेशा अरु पेशाको तुलनामा आकर्षण र सम्मानित हुन सकेको छैन। कृषि क्षेत्रलाई आकर्षकको रुपमा हेर्न नसकेको कारण यस कालिमाटी गाउँपालिका क्षेत्र भित्रबाट बर्षेनी हजारौ युवाहरु वैदेशिक रोजगारमा जान बाध्य भएका छन् भने शिक्षित युवाहरुलाई यस क्षेत्रमा संलग्न गराउन चुनौती पुर्ण छ। कृषि क्षेत्रलाई उत्पादन र रोजगारको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न एकातिर शिक्षित युवाहरुलाई कृषि पेशामा

आकर्षित गरी स्वरोजगार श्रृजना गर्नु पर्ने आवश्यकता छ भने अर्कोतिर कृषि पेशामा संलग्न भएका व्यवसायिक र अर्ध व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनु पर्ने आवश्यकता छ। यसै सन्दर्भमा कालिमाटी गाउँपालिकाले कृषि व्यवसाय (कृषि तथा पशुपालन) मा विगत देखि उत्कृष्ट रुपमा कार्य सञ्चालन गरिरहेका व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कृषकलाई पुरस्कार प्रदान गर्नका लागि **उत्कृष्ट कृषक सम्मान सम्बन्धी कार्यविधि,** २०७९ तयार पारी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**उत्कृष्ट कृषक सम्मान सम्बन्धी कार्यविधि,** २०७९" रहेको छ।

(२) यो कार्यविधि कालिमाटी गाउँ कार्यपालिकाले स्वीकृत गरी कालिमाटी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**गाउँपालिका**" भन्नाले कालिमाटी गाउँपालिका सल्यानलाई सम्झनु पर्छ ।

(ख) "**कार्यालय**" भन्नाले कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कृषि विकास शाखा, पशु सेवा शाखा तथा वडा कार्यालयलाई सम्झनु पर्छ।

(ग) "**कार्यक्रम**" भन्नाले उत्कृष्ट कृषक सम्मान सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्दछ।

(घ) "**उत्कृष्ट कृषक सम्मानको लागि कृषकको न्यूनतम योग्यता**" भन्नाले यसै कार्यविधिको अनुसूची १ मा उल्लेख भएको उत्कृष्ट

पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड जनाउँदछ।

(ङ) "**समिति**" भन्नाले कालिमाटी गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिलाई जनाउँदछ।

(च) "**कृषक**" भन्नाले कृषि पेशामा आवद्ध कृषि तथा पशुपालक किसानलाई सम्झनु पर्दछ।

(छ) "**उत्कृष्ट कृषक**" भन्नाले कालिमाटी गाउँपालिकाको क्षेत्र भित्र व्यवसायिक रुपमा कृषि तथा पशु पालन गरेका, आफुले उत्पादन गरेर यस गाउँपालिका लगायत अन्य क्षेत्रमा समेत आफ्नो उत्पादित कृषि उपज बिक्री गरेका आफ्नो व्यवसायबाट अरु कृषकलाई रोजगार दिलाएका, स्थानीय स्रोत र साधनलाई बढि प्रयोग गरेका, गोठ सुधार गरेका, प्रविधि सम्बन्धी साधारण जानकार भएका, वडादेखि नै छनौट भएर आएका कृषकहरु सम्झनु पर्दछ।

३. **कार्यक्रम संचालनको उद्देश्यः**- यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

क. कृषकको योगदानलाई सम्मान गर्न।

ख. कृषि पेशालाई समाजको आकर्षण एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने।

ग. कृषक समुदायमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक बनाई सहयोग पुऱ्याउने।

घ. कृषकहरुको मनोवल उच्च राख्न सहयोग पुऱ्याउने।

ङ. शिक्षित युवालाई कृषि पेशा तर्फ आकर्षित गर्न सहयोग पुऱ्याउने।

## परिच्छेद-२

४. **उत्कृष्ट कृषक छनौट विधिः-** (१) कालिमाटी गाउँपालिका क्षेत्र भित्र व्यवसायिक रुपमा उत्कृष्ट कृषकहरु (कृषि तथा पशुपालक) छनौट गर्नको लागि ७ वटै वडा कार्यालयबाट आ-आफ्नो वडा भित्र अनुसूची-१ बमोजिम व्यवसायिक रुपमा कृषि व्यवसाय संचालन गर्ने कृषकहरुको अनुसूची-२ बमोजिमको निवेदन सहित अनुसूची-३ बमोजिमको व्यक्तिगत विवरण माग गरी प्रत्येक वर्षको श्रावण मसान्त भित्र वडा कार्यालय मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

(२) वडाबाट सिफारिस भई आएको कृषकहरुको विवरण माथि गाउँपालिकामा रहेको कृषि व्यवसाय प्रवर्द्धन समितिद्धारा आवश्यक छानविन गरी अन्तिम नामावली तयार पारी उत्कृष्ट कृषक सम्मान छनौट समिति समक्ष पेश गर्नेछ।

५. **उत्कृष्ट कृषक पुरस्कार छनौट समितिः-** (१) कालिमाटी गाउँपालिकामा उत्कृष्ट कृषक सम्मान छनौट समिति निम्न बमोजिम हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) गाउँ कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक - सदस्य

(ङ) योजना शाखा प्रमुख सदस्य

(च) संयोजकले मनोनयन गरेको विज्ञ सदस्य एक जना - सदस्य

(छ) संयोजकले मनोनयन गरेको व्यवसायिक किसानहरु मध्ये १ जना - सदस्य

(ज) कृषि शाखा प्रमुख - सदस्य

(झ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ कर्मचारी तथा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः-**

(क) म्याद भित्र वडाबाट आएका सिफारिसलाई मात्र मान्यता दिने।

(ख) वडा कार्यालयबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरु मध्येबाट अनुसूची-१ मा भएका बाली तथा पशुपंछीलाई आधार मानेर समितिले छनौट गर्ने।

(ग) वडाबाट सिफारिस भएर आएका उत्कृष्ट कृषकहरुलाई समितिले पुनः अनुगमन गरी उत्कृष्ट देखिएका कृषकहरुलाई छनौट गर्नु पर्ने।

(घ) कृषि तर्फबाट ६ वटा बाली (खाद्यन्न बाली, तेलहन बाली, तरकारी बाली, फलफुल बाली, च्याउखेती र मौरी पालन) लाई छनौट गर्ने र पशुपंछी तर्फ पनि ६ वटा (माछापालन, बाख्रा पालन, बंगुर पालन, गाई/भैंसी पालन, कुखुरा/हाँस पालन र घाँसखेती) गरी एक आर्थिक वर्षमा अनुसूची-४ बमोजिमको मापदण्ड पुरा गरेका ७ जना कृषकलाई पुरस्कृत गर्नको लागि छनौट गर्ने।

(ङ) एउटै व्यवसायिक कृषकले बाली तथा पशुपंछी पालन गरी दुईवटै क्षेत्रमा उत्कृष्ट देखिएमा एउटा पक्षलाई मात्र समितिले छनौट गर्ने।

(च) छनौट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय कालिमाटी गाउँ कार्यपालिकाले गर्नेछ ।

७. **विविधः-** उत्कृष्ट कृषक सम्मान सम्बन्धी कार्यक्रम संचालन तथा समन्वय कालिमाटी गाउँपालिका अन्तर्गत रहेका कृषि शाखा तथा पशु सेवा शाखाले समन्वयकारी भुमिका निर्वाह गर्नेछ।

## अनुसूची-१

### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

| क्र.सं. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | खाद्यन्न बाली | १० रोपनी | |
| २ | तरकारी बाली | ५ रोपनी | |
| ३ | तेलहन बाली | ५ रोपनी | |
| ४ | फलफुल बाली | १०० बोट | |
| ५ | मौरी पालन | ५० गोला सहित घार | |
| ६ | च्याउखेती | ५ वटा टनेल | |
| ७ | माछ्यापालन | ५ रोपनी | |
| ८ | बाख्रापालन | ३० वटा माउ बाख्रा | |
| ९ | बंगुर/सुगुर पालन | १० वटा माउ बंगुर/सुगुर | |
| १० | गाई/भैंसी पालन | ५ माउ गाई/५ माउ भैंसी | |
| ११ | कुखुरा/हाँस पालन | २०० वटा भन्दा बढी | |
| १२ | घाँसखेती | ५ रोपनी | |

माथि उल्लेखित अनुसूची अनुसार बाली तथा पशुपंछी पालन गरेका कृषकहरु मध्ये जम्मा ७ जना कृषकहरुलाई छनौट गरि सम्मान कार्यक्रम संचालन गरिने छ।

## अनुसूची-२

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**(निवेदनको ढाँचा)**

मितिः-.................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय,

रामपुर, सल्यान ।

विषयः- उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागिता हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा कालिमाटी गाउँपालिकाको आ.व. .........../........... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि शाखा/पशु सेवा शाखाद्धारा संचालन गरिने उत्कृष्ट कृषक सम्मान कार्यक्रममा मलाई सहभागी हुन ईच्छा भएकोले मेरो विवरण सहितको फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु।

निवेदक

नामः.............................

दस्तखतः.........................

ठेगानाः............................

मोबाईल नंः ....................

## अनुसूची-३
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)
(व्यक्तिगत विवरणको ढाँचा)

१. कार्यक्रममा सहभागि हुने कृषकको नामः-

२. सहभागिताको स्थायी ठेगानाः-

श्रोत साधनको विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत) | | |
| क) | कुल खेती गरिएको क्षे.फ. | | |
| ख) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षे.फ. | | |
| ग) | सिंचित जग्गाको क्षे.फ | | |
| २. | सिंचाइको श्रोत | | |
| क) | कुलो | | |

| | | | |
|---|---|---|---|
| ख) | बोरिङ | | |
| ग) | इनार | | |
| घ) | कृषि यन्त्र उपकरणहरुको विवरण तथा आवश्यकता | | |

३. खेती गरिएको बालीको क्षे.फ. र उत्पादन विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १. | खाद्यन्न बाली | | | |
| क) | धान | | | |
| ख) | मकै | | | |
| ग) | गहुँ | | | |
| घ) | कोदो | | | |
| २. | तेलहन बाली | | | |
| क) | तोरी | | | |

| | | | | |
|---|---|---|---|---|
| ख) | सुर्यमुखी | | | |
| ३. | तरकारी बाली | | | |
| क) | बर्षे तरकारी | | | |
| ख) | हिउदे तरकारी | | | |
| ग) | बेमौसमी तरकारी | | | |
| ४. | फलफुल बाली | | | |
| क) | आँप/लिची | | | |
| ख) | केरा | | | |
| ग) | सुन्तला | | | |
| घ) | कागती | | | |
| ५. | च्याउखेती | | | |
| ६. | मौरी पालन | | | |

४. पशुपंछी पालन तर्फ

| क्र.स. | विवरण | इकाई | परिमाण | उत्पादन |
| --- | --- | --- | --- | --- |
| १. | माछा पालन | | | |
| २. | ठुला पशु संख्या (गाई, गोरु, भैंसी, राँगो आदि) | | | |
| ३. | साना पशु संख्या (बाख्रा, बंगुर/सुगुर) | | | |
| ४. | हाँस, कुखुरा | | | |
| ५. | घाँस खेती | | | |
| ६. | दुध उत्पादन | | | |
| ७. | मासु उत्पादन | | | |
| ८. | अण्डा उत्पादन | | | |

५. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.सं. | सेवा संस्थागत पहुँच | अति उत्तम | उत्तम | सामान्य | नभएको |
|---|---|---|---|---|---|
| १. | कृषि ऋण श्रोत एवं पहुँच | | | | |
| २. | बालि तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | | |
| ३. | कार्यक्रम/आयोजनाबाटपरियोजना प्राप्ति | | | | |
| ४. | प्राविधिकसँगको संम्पर्क स्थिति | | | | |

६. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १. | बाली/तरकारी खेती कार्यमा | | | |
| २. | पशुपालन कार्यमा | | | |
| ३. | पन्छी पालन कार्यमा | | | |
| ४. | प्रशोधन तथा बजारिकरण कार्यमा | | | |

७. कृषि व्यावसायमा लगानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा पन्छी पालन खर्च | | |
| ४. | जम्मा कृषि औजार उपकरण खरिद खर्च | | |
| ५. | अन्य खर्च | | |
| | कुल जम्मा खर्च | | |

८. कृषि व्यावसायमा भएको लगानीको श्रोतः

| क्र.सं. | लगानीको श्रोत | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २. | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम | | |
| ३. | समूह/सहकारीबाट लिएको ऋण रकम | | |

| | | | |
|---|---|---|---|
| ४. | साहुबाट लिएको ऋण रकम | | |
| ५. | छिमेकीबाट लिएको ऋण रमक | | |
| ६. | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| जम्मा | | | |

९. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थिति

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | खेती कार्यबाट | | |
| २. | पशु पालनबाट | | |
| ३. | पन्छी पालनबाट | | |
| ४. | कृषि उपजको बजारीकरणबाट | | |
| ५. | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| कुल जम्मा आम्दानी | | | |

१०. निम्न विषयमा सहभागी कृषक दक्षता

| क्र.सं. | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| १. | उन्नत प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २. | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३. | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४. | रोग किरा नियन्त्रण प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५. | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६. | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यावस्थापन (गरेको/नगरेको) | |
| ७. | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको/नपाएको) | |
| ८. | समूह, समिति, सहकारीका सदस्य (भएको/नभएको) | |
| ९. | स्थानीय स्तरमा आफ्नो अनुभवको आदान प्रदान (गरेको/नगरेको) | |

## अनुसूची-४
### (दफा ६ सँग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्याङ्कनको आधारहरुः

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्तङ्क अंक |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योदान | २० | |
| ३ | उत्पादन स्थिति/उत्पादकत्व | १५ | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिति | १० | |
| ६ | कृषि व्यावसायमा गरेको आर्थिक लगानीको स्थिति | ५ | |
| ७ | कृषि व्यावसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | १० | |
| ८ | कृषि विकास कार्यालय र प्राविधिक सँगको सम्पर्क स्थिति | ५ | |

| | | | |
|---|---|---|---|
| ९ | प्रविधिक ज्ञान सीप बारे जानकारी एवं प्रयोगको स्थिति | १० | |
| १० | कृषि व्यावसायको दिगोपनाको स्थिति | १० | |

आज्ञाले,
खिम बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत